स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'इन्टु मिन्टु लण्डनमा'बाट डेब्यु गर्दा अभिनेता धीरज मगरको चर्चा उत्कर्षमा थियो । लुक्सका कारण डेब्यु अगावै 'झल्या'बाट उनको गजब 'फ्यान फलोइङ' बनिसकेको थियो। पहिलो फिल्मबाट अभिनयमा पनि राम्रो सम्भावना देखाएपछि उनलाई 'स्टार'को रुपमा हेरियो । तर, दुर्भाग्य ! यसपछि उनका फिल्मले व्यावसायिक सफलता पाउन नसक्दा करिअरको सन्तुलन नै बिग्रिएको छ ।

**आजको विचार...**



राष्ट्रिय...
*(दुई पेजमा)*

पुष्कर अथक रेग्मी

मुलुकको सबैभन्दा ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले पछिल्लो आर्थिक वर्षमा आफ्नो हलमा धेरै व्यवसाय गर्ने फिल्म र तिनका निर्माता तथा वितरकलाई अवार्ड प्रदान गरेको छ। आइतबार होटल सोल्टीमा आयोजित समारोहमा क्यूएफएक्सको विज्ञापनमा योगदान दिने तीन विज्ञापन एजेन्सीलाई पनि अवार्ड दिइयो जसमा एडी रिलिज, म्याक्स मिडिया र अभानी कम्युनिकेसन सोलुसन छन्। पछिल्लो वर्ष क्यूएफएक्स चेनमा टिकट बिक्रीको आधारमा धेरै कमाउने ५ फिल्म पनि अवार्डबाट पुरस्कृत भए।



❐ वर्ष ३० ❐ अंक ४२ ❐ २०८१ भदौ ११ गते मंगलबार 27 August 2024, Tuesday ❐ पृष्ठ संख्या ८ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## सशस्त्र विद्रोहीद्वारा २२ जनाको हत्या

(रासस/एएफपी)

**पाकिस्तान**, १० भदौ/पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले सोमबार कम्तीमा २२ जनाको गोली हानी हत्या गरेको सरकारी अधिकारीहरूले बताएका छन् ।

सुरक्षा फौजले साम्प्रदायिक, जातीय र पृथकतावादी हिंसाविरुद्ध लडिरहेको बलुचिस्तान प्रान्तको मुसाखाइल जिल्लामा सोमबार बिहान उक्त आक्रमण भएको हो । मुसाखाइलका एक वरिष्ठ अधिकारी नजिबुल्लाह काकरले एएफपीसँग भने, 'पञ्जाबलाई बलुचिस्तानसँग जोड्ने राजमार्गमा लडाकूहरूले धेरै बस, ट्रक र भ्यान रोक्दा भएको झडपपछि चलेको गोली लागी कम्तीमा २२ जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।'

उनले भने, 'पञ्जाबबाट आउने र जाने सवारी साधनको निरीक्षण गरिएको र पञ्जाबबाट आएका व्यक्तिहरूको पहिचान गरी गोली हानिएको थियो ।' काकरका अनुसार १९ जना पञ्जाबी र तीन जना बलोच सर्वसाधारण मारिएका छन् । जिल्लाका अर्का वरिष्ठ अधिकारी हमिद जेहरीले एएफपीलाई मृतकको संख्या पुष्टि गरेका छन् । उन((ले भने, 'यो आक्रमणका लागि बलोच लिबरेशन आर्मी (बीएलए) का लडाकू जिम्मेवार रहेको देखिन्छ । बलोच लिबरेशन आर्मी यस क्षेत्रको सबैभन्दा सक्रिय लडाकू पृथकतावादी समूह हो । बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त हो भने यहाँ अप्रयुक्त प्राकृतिक स्रोतहरूको प्रचुरता छ ।

# पाल्पामा आज 'विजयोत्सव'

## सहभागी हुन राष्ट्रपतिदेखि उच्च पदस्थ व्यक्तिहरु तानसेनमा

## जिल्लाभर सार्वजनिक विदा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ १०/नेपालले अंग्रेज फौजलाई युद्धमा हराएको विजयी स्वरुप प्रत्येक बर्ष निकालिने भगवतीको रथ सहितको सिन्दुर जात्रा आज पाल्पाको तानसेनमा निकालिँदै छ । वि.स. १८७१ देखि १८७२ मा भएको नेपाल अँग्रेज युद्धमा पाल्पाली कमाण्डर कर्णेल उजिरसिंह थापाले अंग्रेज फौजलाई हराउन सफल भएपछि पाल्पामा हरेक वर्ष भाद्र कृष्णनवमीको दिन विजय उत्सव मनाईंदै आएको हो ।

आजको दिन बच्चाबच्ची, बूढाबूढी, युवा, युवती सबैको लागि भगवती जात्रा उत्सवमय बन्ने छ । गाउँ-गाउँबाट मेला अवलोकनका लागि विभिन्न व्यक्तिहरुले समय मिलाएर आउँदैछन् । तानसेन बजारमा सोमबारदेखि नै फरक माहोल देखिएको छ भने मानिसहरुको चहलपहल बढ्दो छ । नेपालल अंग्रेजसँगको युद्धमा बुटवलको जितगढी लगायतको क्षेत्रमा विजय हासिल गरेको सम्झनामा वि.स. १८७७ देखि मनाउन थालिएको विजयोत्सव अहिले पनि निरन्तरता पाएको छ । प्रत्येक बर्ष पाल्पामा श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिले विजयोत्सव स्वरुप ऐतिहासिक भगवती जात्रा (रथयात्रा) निकाल्ने गरेको हो । यस वर्ष २०५ औं



भगवती जात्राको पूर्वसन्धयामा तानसेनमा मन्दिर परिसरसँगै तानसेनका विभिन्न ठाउँहरुको सरसरफाई गरिदै । तस्वीर : किशोर भट्टराई/एनजेडी

भगवती जात्रा निकालिन लागेको समितिका अध्यक्ष अशोक कुमार महर्जनले बताए । यस वर्षको भगवती रथयात्रामा पहिलो पटक राष्ट्रप्रमुखको सहभागिता हुने भएको छ । रणउजीरेश्वरी भगवतीको पूजा आराधना तथा रथयात्रामा राष्ट्रपति रामचन्द्र पौडेल, संघका अर्थमन्त्री, पर्यटन मन्त्री, रक्षा मन्त्री, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, प्रदेशका अर्थमन्त्री, स्वास्थ्य मन्त्री, पर्यटन मन्त्रीदेखि संघीय सांसद, प्रदेश सांसद , सेनापति लगायतका उच्च पदस्थ व्यक्तिहरुको सहभागीता रहने भगवती मन्दिर व्यवस्थापन समितिका सञ्चार तथा प्रचार उपसमितिका संयोजक पदम न्यौपानेले बताए । नेपाल-अंग्रेज युद्धमा नुवाकोट जितगढीमा अंग्रेज सेनालाई पराजित गरेको खुसीयालीमा हरेक वर्ष आजकै दिन पाल्पाको तानसेनमा भगवती जात्रा निकालिँदै आइएको छ । आजको दिन तत्कालीन पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंह थापाले ब्रिटिस साम्राज्यको आक्रमणबाट नुवाकोट जितगढी जोगाएको सम्झना गर्ने गरिन्छ । तत्कालीन कर्णेल थापाले युद्धमा जानुअघि भगवतीको आराधना र भाकल गरी विजय प्राप्त गरेको विश्वास स्वरूप त्यसैको खुसीयालीमा भगवतीको रथयात्रा बजार परिक्रमा गराउन सुरु गरिएको हो । युद्धमा जानु अघि थापाले युद्धमा जितेमा तीन तले मन्दिर बनाई भगवतीको सिन्दुरजात्रा गर्ने भाकल गरेका थिए । युद्धमा विजयी भएपछि उनले कृष्ण जन्माष्टमीको भोलिपल्ट विजय उत्सव स्वरुप भगवती जात्रा मनाउ थालेका हुन् । जुन परम्परा आजसम्म चल्दै आएको हो । आज १२ : ३० बजे विजयोत्सव स्वरुप भगवतीको रथ उठाउने साइत रहेको सञ्चार तथा प्रचार उपसमितिका संयोजक न्यौपानेले बताए । विधिपूर्वक गरिएको पूजापछि रथयात्रामा राखिने भगवतीको ढलौटको सानो प्रतिमूर्ति र कर्णेल उजिरसिंह थापाको तरवार रथमा राखि नगरका विभिन्न भागको परिक्रमा गराई पुन: मन्दिरमा ल्याई भित्र्याइने छ । रथयात्रामा नेपाली सेना, नेपाल प्रहरी, शसत्र प्रहरी, निजामती कर्मचारी, संघसंस्थाहरुको समेत सहभागिता रहने छ । हरेक वर्ष कुमाल समुदायबाट विजयोत्सवको रथ बजार परिक्रमा गराउने परम्परा रहेको छ । भगवतीको रथको दुवैतिर तेर्साईएका दुई बलिया नोलहरुलाई काधमा बोकी जयजयकारको गुञ्जन ध्वनी र बन्दुकको बडाईका साथ मुर्तीलाई रथमा राखेर नगर परिक्रम गर्ने गरिन्छ । ऐतिहासिक महत्व बोकेको जात्राका क्रममा शान्ति सुव्यवस्था कायम गर्न जिल्लाको सुरक्षा व्यवस्था समेत कडा बनाइएको छ । जात्रालाई भव्य बनाउन पाल्पा- बुटवल रुट प्रयोग गरी तानसेन आउने सवारी साधानमा यात्रुहरुको लागि ५० प्रतिशत र ग्रामीण क्षेत्रबाट आउने यात्रुहरुलाई १० प्रतिशत सम्म छुट गरिएको छ भने होटलको खाना र बस्नको लागि १५ प्रतिशतसम्म छुट गरिएको समितिले जनाएको छ । जात्राका दिन प्रदेश सरकारले सार्वजनिक विदा दिएको छ । प्रदेश सरकारले राष्ट्रिय गौरवको रुपमा रहेको भगवती जात्रालाई सार्वजनिक विदा दिने निर्णय यस अघि नै गरेको थियो ।

## भारतीय कार दुर्घटनामा चालकको मृत्यु



**पाल्पा,** भदौ १०/पाल्पाको ऐतिहासिक तथा पर्यटकीयस्थल रानीमहल जाँदै गरेको कार तानसेन नगरपालिका-१ नारनडाँडामा दुर्घटना भएको छ । तानसेनबाट रानीमहलतर्फ जादै गरेको भारतीय नम्बर प्लेटको यूपी १४ डिएन १०४ नम्बरको कार आइतबार राती दुर्घटना भएको हो ।

दुर्घटनामा चालक भारत उत्तर प्रदेशका २८ वर्षीय विकास पाठकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । दुर्घटनामा गम्भीर घाईते भएका पाठकको उपचारका लागि तानसेनस्थित युनाइटेड मिसन अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् । कार आफैं अनियन्त्रित भई सडकबाट अन्दाजी १ सय ५० मिटर तल खस्न गई दुर्घटना भएको प्रहरीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए ।

## तानसेन गुठीद्वारा जात्रालाई सहयोग र छात्रवृत्ति, पुरस्कार वितरण

**पाल्पा,** भदौ १०/तानसेन गुठी काठमाडौं, तानसेन शाखाले सांस्कृतिक पर्व जात्राहरुका लागि आर्थिक सहयोग र छात्रवृत्ति, पुरस्कार वितरण गरेको छ ।

धार्मिक, सांस्कृतिक र सामाजिक परोपकारीको क्षेत्रमा सक्रिय रहँदै आएको गुठीले तानसेनमा अध्ययनरत गरिब, जेहान्दार विद्यार्थीलाई छात्रवृत्ति, एसईईमा उत्कृष्ट जिपिए ल्याउने विद्यार्थीलाई पुरस्कार र तानसेनमा सञ्चालन हुँदै आएका जात्रा पर्वका लागि आर्थिक सहयोग गरेको हो ।

उसले सोमबार तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी ३ लाख ४४ हजार ७ सय ३ बराबरको छात्रवृत्ति, पुरस्कार र आर्थिक सहयोग गरेको छ । गुठीले नारायण-सरोज छात्रवृत्ति, श्रीनगर छात्रवृत्ति, श्याम-रत्न स्मृति छात्रवृत्ति,



पद्म-चन्द्र श्रेष्ठ स्मृति छात्रवृत्ति, दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति, जीत गोविन्द चन्द्र कुमारी स्मृति छात्रवृत्ति, दशरथ-मिथिला छात्रवृत्ति, शिवनाथ-यमुना देवी गोंगल छात्रवृत्ति, सिद्धि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार, मूर्तेन्द-मोहनमाया स्मृति छात्रवृत्ति, अनन्त मथुरा प्रसाद राजभण्डारी छात्रवृत्ति, तेज कुमारी गणेश बहादुर गुभाजु स्मृति छात्रवृत्ति, मुक्ति प्रसाद लक्ष्मीकुमारी छात्रवृत्ति, महालक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति, हरि प्रसाद कृष्णमाया प्रधान स्मृति अक्षयकोष, लालेजोकर-सुखलक्ष्मी चित्रकार स्मृति अक्षयकोष, देवलक्ष्मी-शान्तिलक्ष्मी स्मृति छात्रवृत्ति, देवी सरस्वती छात्रवृत्ति, माधव राज मास्के पुरस्कार, सूर्य भीमकुमारी मलेकु अक्षयकोष, मूर्तेन्द-मोहनमाया स्मृति अक्षयकोष स्मृति, कृष्ण बहादुर इन्द्र कुमारी दुर्गा देवी स्मृति अक्षय कोष, तीर्थनाथ-जानकी देवी गोंगल छात्रवृत्ति, गृहेन्द्र ध्वज-मान कुमारी स्मृति छात्रवृत्ति र माइरस श्रेष्ठ स्मृति छात्रवृत्ति वितरण गरेको हो । यस्तै गुठी तानसेनमा सञ्चालित जात्रा र विभिन्न धार्मिक संघसंस्थालाई सहयोग आर्थिक सहयोग गरेको छ । गुठीले जन्मभूमी तानसेन, पाल्पाबाट काठमाडौंमा रहेर विभिन्न पेसा र व्यवसाय गर्दै आएका व्यक्तिहरुबाट संकलन गरेको रकम हस्तान्तरण गरेको हो ।

*-बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## डेंगी संक्रमण फैलिन नदेऊ

पछिल्ला केही दिन यता पाल्पासहित देशका ७५ वटा जिल्लामा डेंगी रोगको संक्रमण बढेको छ । हालसम्म पाँच हजार एक सय १९ जनामा डेंगी रोगको संक्रमण देखिएको छ भने तीन जना डेंगी रोगको संक्रमणको कारणले निधन भइसकेको छ । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ति फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएपछि टोकेपछि डेंगु रोग लाग्दछ । वर्षाको बेला पानीका संकलन गरेर राख्ने र संकलन गरिएको पानीमा लामखुट्टे रहने र त्यही लामखुट्टेले टोक्ने भएकाले डेंगुको संक्रमण बढेको हो ।

पाल्पामा डेंगी संक्रमण पुष्टि हुने गरेको भए पनि तीव्र रूपमा फैलि सकेको भने छैन् । यद्यपी उच्च सतर्कता भने अपनाउन आवश्यक छ । डेंगीको संक्रमण तीव्र बन्न सक्ने समय भर्खर सुरु भएकाले अन्यत्र पनि प्रकोपको सम्भावना छ । त्यसैले यसप्रति सचेत बन्न आवश्यक छ । संक्रमित एडिस जातको पोथी लामखुट्टेमार्फत फैलिने डेंगी भाइरसको संक्रमण नेपालीका निम्ति नयाँ होइन । यसको संक्रमणपछि मानिसले भोग्ने पीडाका अनुभव सालैपिच्छे व्यक्त हुने गरेका छन् । अहिले विभिन्न जिल्लामा संक्रमितको संख्या हेर्दा अझै उच्च दरमा फैलिने संकेत देखिएको छ । जसले गर्दा अझै थप सतर्क हुनुपर्ने अवस्था छ ।

दिनहुँ डेंगी संक्रमितहरु बढ्दै गएपनि सुरक्षा सतर्कतामा भने ध्यान दिएको देखिँदैन । संक्रमणबाट जोगिनका लागि समय छँदै प्रयत्न गर्नु आवश्यक छ । डेंगी हुन नदिन र फैलिनबाट रोक्नको लागि लामखुट्टेको टोकाइबाट बच्नु सबैभन्दा ठूलो उपाय हो । यस अवस्थामा नागरिक स्वयं सचेत भई जनस्वास्थ्यप्रति ध्यान दिन आवश्यक छ । घरवरिपरि पानी जम्न नदिने, झाडी सफा गर्ने, पूरा बाहुला भएको कपडा लगाएर मात्र घरबाहिर हिँड्ने, झ्यालढोकामा जाली राख्ने, झुलभित्र सुत्ने गर्नाले पनि लामखुट्टेको टोकाइबाट बच्न सकिन्छ । अहिलेको अवस्थामा हेलचेक्र्याइँ गर्नुहुँदैन । त्यसले ज्यान पनि लिन सक्ने हुनाले उक्त अवस्था आउन नदिन स्वयम व्यक्ति आफै सतर्क र सचेत हुनैपर्छ । बिरामीको चाप बढ्न सक्ने सम्भावनालाई समेत ख्याल गरेर अहिल्यैदेखि तयारी गर्न सकियो भने संक्रमण फैलन पाउँदैन । तसर्थ यसतर्फ सम्बन्धित निकायले समेत ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

मनको सुन्दरतामा हराएपछि
रुपको दागले केही फरक नपर्दो रहेछ ।
(दिनेश बोहराकोफेसबुक स्टाटसबाट https://www.facebook.com/dinesh.bohora )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

## भगवती जात्रा विशेष

# राष्ट्रिय गौरव : पाल्पाको भगवती जात्रा



पुष्कर अथक रेग्मी

> *पाल्पा तानसेनमा रहेकी रणउजिरेश्वरी भगवती शक्तिकी केन्द्र हुन् । जसलाई जगाउन वैदिक नियमपूर्वक आह्वान गर्नुपर्ने हुन्छ । संसारलाई जित्ने अंग्रेज तर अंग्रेजलाई जित्ने पाल्पाली भनेर इतिहासमा लेखिँदै आएको छ । कठोर साधना, अनुशासन र आचार सहिता पालना गर्नाले सफलता मिल्दछ भन्ने सन्देस समेत यस मन्दिर र जात्राले दिएको छ । शक्ति केन्द्रहरुले पनि श्रद्धा र आदर भाव सहित विश्वास गरी आराधना गर्ने संस्कार बसालेर माया र सत्यताको शिक्षा दिन खोजेको पाइन्छ । ईश्वर सर्वव्यापी छ, जब जिवित प्राणी अप्ठेरोमा पर्छन् तव त्यो प्राणीले सबै कुरा विर्सी अदृश्य शक्तिसंग भावनात्मक सम्बन्ध राखि प्रार्थना गर्छन् र भाकल पूरा गर्छन् ।*

**शुभारम्भ :**
नेपाली शब्दकोष अनुसार देवदेवीका स्थानमा निश्चित दिनमा पुजाआजा सहित मनाइने विशेष प्रकारको उत्सव यात्रालाई जात्रा भनिन्छ । पाल्पाको तानसेनमा हरेक वर्ष जनैपूर्णिमाको भोलिपल्टदेखि भाद्रकृष्ण नवमीका दिनसम्म जात्रा महोत्सव मनाइन्छ । तानसेनमा विशेषत: गाइजात्रा, रोपाइँ जात्रा, वाघजात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कृष्ण जात्रा, नारायण जात्रा र भगवती जात्रा मनाइन्छ । परम्परा अनुसार पाल्पाको तानसेनमा भाद्र कृष्ण नवमीका दिन भगवती जात्रा मनाइन्छ । तानसेनमा मनाइने ऐतिहासिक भगवती जात्रा (खटयात्रा)का विषयमा यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**उजिरसिंह थापाको परिचय :**
पिता नयनसिंह थापा र माता रणकुमारीको जेष्ठ सुपुत्र उजिरसिंह थापाको जन्म वि.सं. १८५२ साल चैत्र कृष्ण प्रतिपदाको दिन भएको हो । पिता नयनसिंह थापाको निधन भएसंगै उजिरसिंह काका भिमसेन थापाको निगरानीमा हुर्केका थिए । भिमसेन थापाले यिनलाई विशेष माया गर्ने हुनाले र धनकुटा, सप्तरी, बारा र पर्सा क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरे वापत सानै उमेरमा यिनले कर्णेलको पद्वी पाएका थिए ।

**पाल्पा आगमन :**
पाल्पा राज्यलाई नेपाल अधिराज्यमा विलय गराउने पाल्पाका तैनाथवाला अमरसिंह थापाको देहान्त भएपछि उनकै नाति उजिरसिंह थापा पाल्पाको तैनाथवाला भई वि.सं १८७१ आश्विनमा पाल्पा आएका थिए । उन्नीस वर्षकै कलिलो उमेर भएतापनि उनी छलियुद्धमा निपूर्ण र कार्यसम्पादनमा कुशल थिए । दश वर्षसम्म पाल्पा गौंडाको अख्तियारी समाल्दै वि.सं १८७१ मंसिर महिनामा उनको देहान्त भयो । उनीपछि भीमसेन थापाका भाइ बख्तारसिंह थापा पाल्पा गौंडाको प्रशासक भएर आए ।

**नेपाल अंग्रेज युद्ध :**
वि.सं १८७१ देखि नेपाल अंग्रेजविच युद्ध शुरु भयो। अंग्रेजहरु जुन माध्यमबाट भएपनि नेपाल प्रवेश गर्न खोज्नु नै युद्धको प्रमुख कारण थियो । हिन्दुस्तान अंग्रेजको अधीनमा रहेको र त्यहाँ गर्मी वढी हुने भएकोले उनीहरु पहाडी मुलुक नेपाललाई कब्जामा लिन चाहानुको साथै तिब्बतसँग व्यापार सञ्चालन गर्न चाहन्थे । उनीहरुले एकैपटक नेपाललाई मकवानपुर, देहरादुन, लुढियान र बुटवलसहित चार क्षेत्रबाट आक्रमण गर्ने तयारीमा थिए ।

**अमरसिंह थापाद्वारा युद्धको उद्घाटन:**
नेपालको तर्फबाट सकेसम्म युद्ध नगर्ने प्रयास गरिएतापनि अन्तत: वि.सं १८७१ वैशाख १० गते अंग्रेजले आक्रमण गरी वुटबल क्षेत्रलाई कब्जामा लियो । पाल्पाका तत्कालीन तैनाथवाला अमरसिंह थापाले शक्ति संचय गरी प्रत्याक्रमण गरी अंग्रेजहरुलाई बुटबलबाट गोरखपुर तर्फ धपाए । यसरी अमरसिंह थापाले पाल्पा गौडाबाट नेपालका लागि अंग्रेजमाथि विजयको समुदघाटन गरेका थिए । युद्धको तयारीमा जुट्दाजुट्दै वि.सं. १८७१ असोजमै उनको देहान्त भयो ।

**अंग्रेजको क्रियाकलाप :**
अंग्रेजहरुको हार भएपछि मेजर जनरल सुलिभान उड फेरि बुटवल हुँदै पाल्पा आक्रमण गर्ने योजनामा थिए । पाल्पाबाट पलायन भएका युवराज रत्न सेन, कनकनिधि, गुरु पुरोहित भाइ भारदारहरु समेतले गुमेको पाल्पा राज्य फिर्ता पाइन्छ कि भनेर अंग्रेजलाई सुराकि दिइरहन्थे ।

जनरल उडले २६ कम्पनी सैनिकहरु सहित बुटवल आक्रमण गर्ने योजनामा थिए, उनीहरुले पाल्पालाई कब्जामा लिई काठमाण्डौसंग सम्पर्क विहिन बनाउने सोचमा थिए । उनीहरु आधुनिक हातहतियारले सुसज्जित थिए । उनीहरु अनेक हतकन्डा मच्चाउँदै बुटबल क्षेत्र आइपुगे ।

**उजिरसिंहको पहिलो युद्ध :**
आफ्ना सैनिक पहाडी इलाकामै रहने, तत्काल कुनैपनि प्रतिक्रिया नदिने र छलियुद्ध गर्ने उजिरसिंहको नीति थियो । उनीसंग ३ हजार जति सेनाहरु थिए । कनकनिधिको गलत सूचना संप्रेषणको कारण अंग्रेजहरु नुवाकोटगढी छाडेर जितगढीतर्फ लागे जहाँ उजिरसिंहले अंग्रेजहरुलाई लज्जाजनक रुपमा हराए । अंग्रेज सेनापति मेजर जनरल उडको छातिमा समेत मट्याङ्गाले लागि चोट पुग्न गयो । अंग्रेज सेनाको ठूलो क्षति भयो उनीहरु हातहतियार छाडेर ज्यान बचाएर भागे । अंग्रेज तर्फ ५ अफिसर र २८ सिपाहीको मृत्यु भयो भने नेपाली सेनाहरु करिब ७० जना जति मारिए । उजिरसिंहका निकटम सहयोगीहरु सरदार सूर्यबहादुर थापा, कुम्भेदान कृपासुर थापा समेतले वीरगति प्राप्त गरे । 'संसारलाई जित्ने अंग्रेज, अंग्रेजलाई जित्ने हामी पाल्पाली नेपाली, भगवती माताकी जय' भन्दै नेपालीहरुले जितगढीमा विजयोत्सव मनाए ।

**अंग्रेजसँगको दोश्रो युद्ध:**
नेपालको पश्चिमी क्षेत्रका नालापानी, जैथक र देउथलमा भएका युछहरुमा अंग्रेजहरु विजयी भएता पनि जितगढीको युद्धमा नराम्ररी पराजित भए । वि.सं. १८७२ वैशाखको पहिलो हप्ता अंग्रेज सेना पुन: बुटवल हान्ने तयारीमा खस्यौली आइपुग्यो । उनीहरुसँग २४ कम्पनी फौज थियो र दुईसय जति घोडचढी फौज थिए । दुईवटा अठार पाउण्डर गन र चारवटा मोर्टार थिए । अंग्रेजी फौजले खस्यौलीमा गोला बर्षा गरी बुटवल दरबार ध्वस्त पारुन्जेलसम्म पनि नेपाली फौज चुप लागेर बस्यो । कुनै प्रतिक्रिया नआएकोले अंग्रेजहरु निर्धक्क तिनाउ नदी तरेर पारी जितगढीतर्फ जान लाग्दा पहाडमा लुकि बसेका उजिरसिंह सहितका वीर नेपाली सेनाहरुले छल र हान रणनीति अपनाएर अंग्रेज सेनालाई भगाएरै छाडे । यसरी दोश्रो पटक समेत उजिरसिंहले अंग्रेजसंगको युद्ध जिते ।

**सम्भाव्य तेस्रो युद्धको त्रासदि:**
दुई दुई पटक अंग्रेजलाई परास्त गरेतापनि नेपाली सेनामा फेरी पनि युद्ध हुन्छ कि भन्ने त्रासदि कायमै रहन गयो। किनकि ठूलो संख्यामा रहेका अंग्रेजहरु लाई छलकपट र भयको आधारमा लखेटेर पठाइएको हो भन्ने कुरा उजिर सिंहलाई प्रष्टै थाहा थियो। उनी दोभान क्षेत्रमा अखडा जमाएर पूर्व तयारीका साथ बसेका थिए । नेपाल र अंग्रेजविच सुगौली सन्धि भएपछि सम्पूर्ण युद्धको समाप्ति भयो ।

**युद्ध जित्नुको कारण:**
बुटवललाई कब्जामा लिएतापनि पहाडी लडाइको ज्ञान तथा अनुभव नहुनु, कनकनिधि र जनरल उड बिचको आक्रमण सम्वन्धि योजनामा मेल नखानु, उजिरसिंहको युवा जोश र युद्धकलालाई अंग्रेजहरुले सही आंकलन गर्न नसक्नुको करणले नै अंग्रेजहरुको हार र नेपालीहरुको जित भएको थियो। यस्का साथै पाल्पा तानसेनस्थित भगवती माताको आशिर्वाद प्राप्त भएकोले समेत युद्ध जितिएको भन्ने उजिरसिंहलाई पूर्ण विश्वास थियो। अंग्रेजहरुको झण्डै दुईवर्षसम्मको युद्धमा नेपालले हार व्यहोर्नु परेको भएतापनि पाल्पा तथा पाल्पाली समेतको यस विजयले नेपाली गौरवलाई सदियौसम्म जिवन्त र वीर गोर्खाली भनी नाम राख्न ऐतिहासिक रुपमै मद्दत गरेको छ ।

**भगवती जात्राको शुभारम्भ:**
नेपालमा विशेषत: वार्षिक रुपमा श्रावण-भाद्र महिनामा जात्रा मनाउने चलन छ । गाईजात्रा, रोपाईजात्रा, बाघजात्रा पाल्पा तानसेनका प्रचलित जात्राहरु हुन् । भाद्र कृष्ण नवमीका दिन मनाइने भगवती जात्रा ऐतिहासिक राष्ट्रिय गौरव बोकेको जात्रा हो ।

-बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : प्रेम जीवन सुखद् रहनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **तुला** : कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ । |
| **बृष** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। जोशजाँगर र हिम्मत पनि बढ्नेछ । | **बृश्चिक** : विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुनेछ । |
| **मिथुन** : सामाजिक कार्यमा रुचि बढ्नेछ। मिष्ठान्न भोजनको अवसर मिल्नेछ । | **धनु** : कार्यमा सफलता हात लाग्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । |
| **कर्कट**: निर्णय कार्यान्वयन हुन सक्दैनन्। साँझमा भने शुभ समाचार पाइनेछ । | **मकर** : मन भावुक बन्नसक्छ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । |
| **सिंह** : कुनै समाचारले मनमा शान्ति छाउनेछ । धर्मकर्ममा मन लाग्नेछ । | **कुम्भ** : आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव नमिल्ला । आँटिको कार्य पुरा होला। |
| **कन्या** : मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ। विचार पुऱ्याएर निर्णय लिनुहोला। | **मीन** : धार्मिक कार्यमा रुचि बढ्नेछ । सजिलै अरूको मन जित्न सकिनेछ । |

# भगवती जात्रा विशेष

## भगवती जात्रा : राष्ट्र प्रमुखको भ्रमण र राष्ट्रिय पर्वको अपेक्षा



सन्तोष खनाल



> *वर्तमानमा हाम्रो धर्म, पूर्विय ज्ञान र संस्कृतिमा नव साम्राज्यवदीहरूले विभिन्न माध्यमबाट आक्रमण गरिरहेका तितो यर्थाथ बिच भवगती जात्रालाई धार्मिक, सांस्कृतिक पक्षका साथै भवगती देवीको शक्तिको विश्वास गरी जसरी भक्तहरूले मनाउँदै आएका छन् त्यो आफैमा महत्वपूर्ण छ । अर्कोतर्फ नेपाली सेनाको राष्ट्र र राष्ट्रियताको रक्षाको लागि रणकौशलता, वीरताको प्रर्दशन गरी ज्यानको बलिदानले अंग्रेजको कदमलाई रोक्न सफल इतिहास र बिट्रिस साम्राज्यवादलाई परास्त गरेको विजय उत्सवको रुपमा वि.स. १८७६ भगवती जात्रा मनाइँदै आइएको तथ्य छ । भावगती जात्रालाई राष्ट्रव्यापी बनाउन सक्नुपर्छ ।*

नेपाल विश्वका प्राचिन देशहरु मध्ये एक हो । आज विश्वमा धनी र विकसित कहलियका राष्ट्रहरु जसको अस्तित्व नै थिएन त्यस बेला देखिने नेपाल राष्ट्र अविछिन्न अटल र एक रहँदै आएको छ ।

पूर्विय सनातन सभ्यताको जगमा ज्ञानको आलोकले सिञ्चित यस पवित्र भूमि नेपाल, विविध संस्कृतिले सम्पन्न छ । पश्चिम नेपालको प्रमुख पाल्पा जिल्लाको पर्यटकीय शहर तानसेनमा भदौ महिनामा विविध सांस्कृति, परम्परामा आधारित भएर विविध जात्राहरु मनाइँदै आइएको छ । विविध जात्राहरुको श्रृखंलामा फरक महत्व बोकेको जात्रा भवगती जात्रा एक हो । धार्मिक,सांस्कृतिक परम्परामा विश्वास गर्नेहरुको लागि शक्ति स्वरुपा भगवतीको जात्रा जनताको आस्था र विश्वासको पर्व हो । अर्कोतर्फ यो जात्रा नेपाल अंग्रेज युद्धसँग (ई.स १८१४-१६)जोडिएको, नेपालीले अंग्रेज साम्राज्यवाद माथि ऐतिहासिक जितगढीमा प्राप्त गरेको विजय श्री र राष्ट्रिय एकतासँग जोडिएको जात्राा पनि हो ।

विश्व साम्राज्यको दौडमा लम्किरहेको तत्कालिन ब्रिटिस सरकार र त्यसको आडमा विभिन्न स्वतन्त्र राज्यहरूमा कब्जा जमाइसकेको ईष्ट इन्डिया कम्पनीले एकातर्फ भारतमा कब्जा जमाइसकेको थियो । स्वतन्त्र राष्ट्र नेपालमाथि पनि यसको प्रभाव अवश्यक पर्दथ्यो । विशेष गरी अंग्रेजहरू तिब्बतमा प्रवेश गरी भोट (चीन) मा व्यापार विस्तार गर्न चाहन्थे । नेपालले सहज तरिकाले तिव्वत तर्फको बाटो नदिनेकुरा चतृर अंग्रेजले नबुझ्ने पक्कै भएन । शान्तिपूर्ण तवरले यो कुरा प्राप्त गर्न कठिन थियो । उनीहरू कुनै न कुनै बाहानामा नेपालसँग युद्ध गर्न चाहन्थे । ई.स. १८०१ मा भएको व्यापार सन्धीका धाराहरुको अवहेलना भैसकेको थियो । सो सन्धी तोडिन गएको थियो ।

यसै परिपेक्ष्यमा अंग्रेजहरूले आफुले पूर्वतयारी गरिसकेपछि बुटवल, स्यूराज र बाराका २२ गाउँहरूको निहुँ देखाउँदै ई.स.१ नोभेम्बर १८१४ मा अंग्रेजले एकतर्फी युद्ध घोषणा गऱ्यो । आधुनिक हात हतियारले सुसज्जित वैरी सामु नेपाली वीरहरूले विभिन्न स्थानमा आफ्नो कौशलता देखाएका इतिहास हामी माझ छ । यसै बीचमा बुटवल हुँदै पाल्पा कब्जा गर्ने जिम्मा लिएर तत्कालिन कम्पनी सरकारले मेजर जनरल जोन सुलिभान उडको नेतृत्वमा फौज खटायो । उडको नेतृत्वमा गोलाबारुद, ठूलो संख्यामा हात हतियार सहित कम्पनी सरकारले गरेको तयारी थाहा पाए पछि नेपाल सरकारको तर्फबाट अंग्रेज सेनासँग युद्ध गर्न हातहतियार, गोलाबारुद र तीन हजार नेपाली कर्णेल उजीरसिंह थापाको नेतृत्वमा पाल्पा र बुटवल क्षेत्रमा खटाइयो ।

युद्धको लागि भौतिक तयारी नेपाली पक्षले गर्दै थियो । लडाईमा विजय प्राप्त गर्न साइत जुराउने कार्य अनि तानसेनको बीचभागमा अवस्थित शक्ति स्वरुपा महिषासुर मर्दनी देवी भगवतीको पाऊ छोएर कर्णेल उजीरसिंह थापाले - युद्धमा विजयी भएमा एक विशाल मन्दिर निर्माण गराउनुका साथै सिंदुर जात्रा गरी भवगतीको महिमा फैलाउने भाकल गरे ।

नेपाली फौजले पनि आफ्नो तर्फबाट सम्पूर्ण तयारीपछि पाल्पा क्षेत्रमा खटिएका सैनिकहरूमा जोश, जाँगर, उमगं र शक्ति सञ्चार भयो । कर्णेल उजीरसिंह थापाको रणकौशलता, नेपाली सेनाको बहादुरी, देशभक्तिको भवाना र भवगतीमाताको आर्शिवादले नेपाली सेनाले जितगढीको युद्धमा विजय श्री प्राप्त गरे । जितगढी युद्ध नै थियो जहाँ नेपाली सेनाले एक मात्र विजय प्राप्ति गरे । अंग्रेज कम्पनी सरकारको साम्राज्यवादी पाइलामा रोक लाग्न पुग्यो । नेपाली राष्ट्रियताको शीर उचो रहन सक्यो । नेपाली चन्द्र, सूर्य अंकित झण्डाको शान उचो रहन पुग्यो । नेपालको अस्तित्व कायम रहन योगदान पुग्यो । नेपाली सेनाको युद्धक्षमता प्रंशसनीय रहन पुग्यो । लडाईमा सफलता प्राप्त गरेपछि उजीरसिंह थापाले भाकल गरे बमोजिम तीन तले मन्दिर निर्माण वि.स. १८७२ मा शुरु गरे । वि.स.१८७६ मा मन्दिर निर्माण सम्पन्न गरी अष्टधातुको अठारभुजा भएकी महिषासुर मर्दिनी भगवतीको प्रतिमा स्थापना गरी यसै वर्षबाट सिंदुर जात्राको प्रारम्भ भयो । जात्राा २०५ वर्ष देखि निरन्तर चल्दै आएको छ ।

वर्तमानमा हाम्रो धर्म, पूर्विय ज्ञान र संस्कृतिमा नव साम्राज्यवदीहरूले विभिन्न माध्यमबाट आक्रमण गरिरहेका तितो यर्थाथ बिच भवगती जात्रालाई धार्मिक, सांस्कृतिक पक्षका साथै भवगती देवीको शक्तिको विश्वास गरी जसरी भक्तहरूले मनाउँदै आएका छन् त्यो आफैमा महत्वपूर्ण छ । अर्कोतर्फ नेपाली सेनाको राष्ट्र र राष्ट्रियताको रक्षाको लागि रणकौशलता, वीरताको प्रर्दशन गरी ज्यानको बलिदानले अंग्रेजको कदमलाई रोक्न सफल इतिहास र बिट्रिस साम्राज्यवादलाई परास्त गरेको विजय उत्सवको रुपमा वि.स. १८७६ भगवती जात्रा मनाइँदै आइएको तथ्य छ । भावगती जात्रालाई राष्ट्रव्यापी बनाउन सक्नुपर्छ । धिरता, विरता र राष्ट्रियताको भावनालाई उजागर गर्ने यस ऐतिहासिक जाात्राको तथ्यलाई आजका दिनमा उजागर गर्नु आवश्यक छ । यस सन्देशलाई राष्ट्रियस्तरमा फैलाउन सक्नु आजको आवश्यकता हो ।

विशेषत: भवगती जात्रको महत्वलाई थप बल पुऱ्याउन विगत देखिनै सरकार प्रमुख वा राष्ट्र प्रमुखलाई आम पाल्पालीको तर्फबाट निम्तो दिए पनि यस वर्ष राष्ट्र प्रमुखको रुपमा राष्ट्रपति तासनेन आउनु नै भवगती जाात्रको लागि र पाल्पा जिल्लाको लागि विशेष महत्व रहेको तथ्यलाई नर्काान सकिदैन । भवगती जात्राको पहिचान र महत्वलाई थप बलियो बनाउन राष्ट्र प्रमुखको भ्रमणले योगदान दिने नै छ ।

विश्वमा राष्ट्र र राष्ट्रियताको नारा दिएर केही समय यता लोकतान्त्रिक अभ्यासबाट नै सरकारहरु निर्माण भैरहेको छ । सकारहरु आफ्नो मुलुक र मुलुकको पहिचान स्थापित गराउन लागिपरेका छन् । यस परिपेक्ष्यमा हाम्रा सरकारहरुले राष्ट्र र राष्ट्रिय पहिचान र संस्कृतिलाई स्थापित गराउन पछि पर्नु हुँदैन । यस सन्दर्भमा भवगती जात्रालाई राष्ट्रियता र स्वाधीनतासँग आवद्ध गर्नको लागि आवश्यक निर्णय लिन ढिलो गर्न हुँदैन । भवगती जात्रा पाल्पाको मात्र जात्रा नभएर नेपालको राष्ट्रिय पहिचान, गौरव नेपाली सेनाको रणकौशला विरता र विजय उत्सवको प्रतिक पनि हो । तसर्थ जात्रालाई राष्ट्रिय पर्वको रुपमा मनाइनु पर्छ । सरकारी क्यालेन्डरमा आगामी वर्ष यसलाई राष्ट्रिय पर्वको रुपमा मान्यता प्राप्त हुन सकोस् । यो आम पाल्पाली राष्ट्र प्रेमी जनताको माग पनि हो । यसवर्ष राष्ट्र प्रमुखको भ्रमणले पक्कै पनि भगवती जात्राको ऐतिहासिकतालाई देशव्यापी बनाउन मद्दत पुग्ने छ । भगवती जात्राले राष्ट्रिय पर्वको मान्यता पाउन सके हाम्रो राष्ट्रियताको पहिचान र देश भक्तिको भावनालाई उचो बनाउन पनि सन्देह प्रवाह गरिरहने छ । आजको ऐतिहासिक दिनले हामीमा राष्ट्रियताको भावना समृद्ध बन्न सकोस् । आफ्नो संस्कृति र परम्परामा गर्व गर्न बल प्राप्त होस् । ***भगवती मातकी जय ।***

***(लेखक त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका उप-प्राध्यापक तथा सहायक क्यापस प्रमुख समेत हुन् ।)***

## राष्ट्रिय गौरव ...

...यो जात्रा चलाउने चलन कर्णेल उजिरसिंह थापाको पालादेखि भएको हो । उजिरसिंहको बाल्यकाल काठमाण्डौ उपत्यकामा बित्यो । त्यहाँ उनले वर्षेनी इन्द्रजात्रा, कुमारीजात्रा, मचिन्द्रनाथको रथजात्रा हेर्ने अवसर पाइरहे । ती जात्राहरुबाट प्रभावित भएर नै उनले पाल्पामा पनि भगवती जात्रा मनाउने चलनको शुरुवात गराए । भगवती जात्रा मनाउँदै गरेको केही समयपछि नारायण जात्रा समेत निकाल्ने परम्परा बस्यो । यसपछि क्रमश: भीमसेन, गणेश र भैरवका जात्राहरु समेत निकालियो । सेन वंशीय राजाहरुको इष्टदेवी भगवती हुन् । भगवतीको अर्को रुप विन्ध्यवासिनी अर्थात् योगमाया हो । योगमाया भगवान श्रीकृष्णाकी बहिनी हुन् । श्रीकृष्णको जन्म भाद्र कृष्ण अष्टमीका दिन भएको हुँदा यसैलाई ध्यानमा राखी औपचारिक रुपमा वि.सं १८७७ सालदेखि भगवती जात्रा मनाउन लागिएको हो । वि.सं १८७१ मा अंग्रेजहरुले नेपाल विरुद्ध युद्धको घोषणा गरेपछि पाल्या गौडाका तैनाथवाला उजिरसिंह थापाले भगवती मातासंग युद्धमा विजय हुने आर्शिवाद माग गरे । युद्धमा विजयी भएमा भगवतीको ठूलो मानमनितो गर्ने, सहकारी तरवले सलामी अर्पण गर्ने, सिन्दुरे जात्रा गर्ने, कलात्मक मन्दिर निर्माण गर्ने भनी भाकल गरे । बुटवल क्षेत्रको युद्धमा दुई-दुई पटक उजिरसिंह थापाले अंग्रेजहरुलाई लडाई हराए । जितगढीको युद्धमा संसार जित्ने अंग्रेजहरुको पाल्पाली सेनासंग नराम्ररी पराजय भयो । उजिरसिंहको भाकल पूरा भयो र उनले रणउजिरेश्वरी भगवती माताको नामाकरण गरी विधिवत रुपमा भगवतीको पूजा अर्चना गरी हरेक वर्ष भव्य, सभ्य र दिव्य रुपमा जात्रा निकाल्ने परम्परा बसाए । कलात्मक मन्दिरमा अष्टधातुको मूर्ति प्रतिष्ठापित गरेसंगै भगवतीको नित्य पूजाका लागि पूजारीका रुपमा पाटनबाट चन्द्रमुनि बज्राचार्य र गुठी व्यवस्थापनका लागि भक्तपुरबाट सुक्तमान बौद्धाचार्यलाई तानसेनमा झिकाए । पाल्पा तानसेनको सेरोफेरोमा गुठी संचालकको लागि ३१७ मुरी धान उब्जने खेतको समेत व्यवस्थापन गरिदिए । वि. सं १९९० सालको महाभुकम्पको कारण यो मन्दिर भत्किएपछि वि. सं १९९९ सालमा यसको पुन: जिर्णोद्धार भएको हो । वि. स. २०३१ सालमा ढुङ्गे स्लेटको छाना लगाई दुईतले मन्दिर निर्माण भएको हो।

**नेपाली सेना / गणको कार्य :**

नेपाली सेनाको गोरखदल गणले गणपति प्रमुख सेनानी श्री कृष्णबहादुर जिसीको कार्यकालमा जीतगढीको लडाइको सम्झनामा नेपालीको वीरता र धीरतालाई उत्कीर्ण गरी भगवती मन्दिरको प्राङ्गणमा विजयी स्तम्भ निर्माण गरेको छ । यसैगरी श्री चण्डीप्रसाद गणले गणपति प्रमुख सेनानी श्री दीर्घबहादुर चन्दको कार्यकालमा उजिरसिंहको वीरगाथालाई जीवन्त राख्न पाल्पा उद्योग वाणिज्य संघको सहकार्यमा तानसेन टुडिखेलको पूर्वी कुनामा कर्णेल उजिरसिंह थापाको पूर्ण कदको शालिक निर्माण गरेको छ ।

**भगवती जात्रा/मन्दिरको महत्व:**

पाल्पा तानसेनमा रहेकी रणउजिरेश्वरी भगवती शक्तिकी केन्द्र हुन् । जसलाई जगाउन वैदिक नियमपूर्वक आह्वान गर्नुपर्ने हुन्छ । संसारलाई जिल्ले अंग्रेज तर अंग्रेजलाई जित्ने पाल्पाली भनेर इतिहासमा लेखिदै आएको छ । कठोर साधना, अनुशासन र आचार संहिता पालना गर्नाले सफलता मिल्दछ भन्ने सन्देस समेत यस मन्दिर र जात्राले दिएको छ । शक्ति केन्द्रहरुले पनि श्रद्धा र आदर भाव सहित विश्वास गरी आराधना गर्ने संस्कार बसालेर माया र सत्यताको शिक्षा दिन खोजेको पाइन्छ । ईश्वर सर्वव्यापी छ, जब जिवित प्राणी अप्ठेरोमा पर्छन् तव त्यो प्राणीले सबै कुरा विर्सी अदृश्य शक्तिसंग भावनात्मक सम्बन्ध राखि प्रार्थना गर्छन् र भाकल पूरा गर्छन् । आराधना गर्नेकै अगाडी दैवीशक्ति उपस्थित हुन्छ भन्ने सत्य तथ्य उजिरसिंह/भगवती मन्दिर/जात्राबाट प्रमाणित हुन्छ । नेपाली तले शैलीमा निर्मित यो मन्दिरमा उजिरसिंह थापाको उचाई बराबरकै गजूर छ ।मूर्ति महिषासुर मर्दिनीको वर्णनमा आधारित रहेको छ । तान्त्रिक विधिभित्र लुकेका दार्शनिक पक्षहरु थुप्रै छन् । वास्तुकला, धातुकला र सांस्कृतिक विकासमा समेत उल्लेखनीय योगदान रहेको छ । तान्त्रिक विधिभित्र लुकेका दार्शनिक पक्षहरु थुप्रै छन् । वास्तुकला, धातुकला र सांस्कृतिक विकासमा समेत उल्लेखनीय योगदान रहेको छ । समस्त नेपाल र नेपालीको ऐतिहासिक विजयोत्वको रुपमा दुई शताब्दि अधिदेखि निरन्तर भगवतीको पूजा र जात्रा निकाल्ने परम्परा अधावधि रहँदै आएको छ । नेपाली सेनाद्वारा सलामी अर्पण गरेपछि सम्पूर्ण सरकारी, गैर सरकारी, संस्था अगुवाहरु एवं सम्पूर्ण सर्वसाधारण समेत भइ हरेक वर्ष अति उच्च सम्मानका साथ रणउजिरेश्वरी भगवतीको रथयात्रा निकालेर बजार परिक्रमा गराईन्छ । जसले नेपालीहरुको वीर गाथा संसारभर फैलाउँदै नेपाली राष्ट्रियता र संस्कृतिको जगेर्ना गर्नमा महत्वपूर्ण योगदान पुरह्याउँदै आएको छ ।

**समापन :**

हरेक वर्ष भव्य, सभ्य, र दिव्य रुपमा मनाइने भगवती जात्रा र नियमित पुजा व्यवस्थापनका लागि कार्यसम्पादन गर्न मन्दिर व्यवस्थापन समितिलाई निकैने चुनौतिपूर्ण रहेको छ। यसका लागि सबैको यथासक्य सहयोगको खाँचो छ। जारा र पर्व भनेको हाम्रो संस्कृति हो। संस्कृति भनेको मान्छेले पालना गर्दा गर्दै विकसित भएर मान्य रुपमा स्थापित उच्च अस्तित्व हो । अस्तित्वको रक्षा गर्न सकेमा मात्र कुनै पनि व्यक्ति, समाज र राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमै ख्याति कमाउन सक्दछ। अत: राम्रा र असल गुणहरुको अङ्गिकार गर्न हामीले हाम्रा अग्रजहरुबाट सिकौं र सन्तति पुस्ताहरुलाई सिकाऔं । जसबाट समाजमा स्वच्छ सभ्यताको विकास हुन्छ । सभ्यताको विकास हुनु नै संस्कृतिको संरक्षण र संवर्द्धन हुनु हो। अन्त्यमा तानसेनमा रहेकी रणउजिरेश्वरी भगवती शक्तिकी केन्द्र हुन् ।

जसलाई वैदिक नियमपूर्वक आव्हान गरी जगाएर आर्शिवाद लिन सकियो भने समग्र मुलुककै कल्याण हुनेछ । समग्रमा भन्नु पर्दा पाल्पाको भगवती जात्रालाई राष्ट्रिय गौरवको रुपमा लिइएको छ। यद्यपी अंग्रेजसँग लड्ने चार वीर योद्वाहरु भक्ति थापा, अमरसिंह चापा, बलभद्र कुंवर, उजिरसिंह थापा मध्ये राज्यले उजिरसिंह बाहेक अन्य तीन योद्धालाई राष्ट्रिय विभूति घोषणा गरेको छ । तर जून-जुन स्थानमा ती विभूतिहरुले युद्ध गरेको थिए, ती स्थानमा नेपालीहरुको हार भएको थियो भने कतैको भु-भाग जितेरपनि गुमाउनु परेको थियो । जितगढीमा मात्र नेपालीहरुले अंग्रेजहरुलाई जितेका थिए । यति हुँदा हुँदै पनि उजिरसिंह थापालाई राष्ट्रिय विभूतिको रुपमा किन मानिएन ?यो गम्भीर प्रश्नको रुपमा रहिरहेको छ । राज्यले वीर उजिरसिंह थापालाई राष्ट्रिय विभूति र भगवती जात्रा ( खटयात्रा ) लाई राष्ट्रिय पर्वको रूपमा शीघ्र घोषणा गरोस् ! **(साभार: अनुस्मृति)**

***(रेग्मी पाल्पाका स्थापित साहित्यकार र पाल्पाको इतिहास, संस्कृति तथा सम्पदाको पक्षमा कलम चलाउने लेखक समेत हुन् )***

# गुल्मीमा घाइते १७ वन्यजन्तुको उद्धार



**तेजेन्द्र कुमार श्रेष्ठ**

गुल्मी, भदौ १०/गुल्मीमा १७ वन्यजन्तुको उद्धार गरिएको छ । डिभिजन वन कार्यालय गुल्मीले पछिल्लो दुई वर्षको अवधिमा विभिन्न घटनामा परि घाइते अवस्थामा रहेका १७ वटा वन्यजन्तुको उद्धार गरेको हो ।

आपसी लडाई,ठुला जंगली जनावरको आक्रमण र शिकारीबाट घाइते भएका विभिन्न प्रजातिका वन्यजन्तुको उद्धार गरिएको डिभिजन कार्यालयले जनाएको छ । दुई वर्षको अवधिमा विभिन्न प्रजातिका चार वटा वन्यजन्तु मृत र १३ वटा वन्यजन्तु घाइते अवस्थामा फेला पारी उद्धार गरिएको वन अधिकृत तथा सूचना अधिकारी राजन कुँवरले बताए । विभिन्न स्थानमा घाइते अवस्थामा फेला परेका केही वन्यजन्तुको उपचारका क्रममा मृत्यु हुने गरेको कुँवरले बताए । डिभिजन वन कार्यालयले पछिल्लो दुई वर्षमा रतुवा, नीर बिरालो, चितुवा, गिद्ध, हुँडार, कमन कोब्रा र किङ कोब्रा लगायतका विभिन्न सात प्रजातिका वन्यजन्तुको उद्धार गरेको कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०८०/२०८१ मा विभिन्न चार प्रजातिका दुई वटा चितुवा घाइते, एक हुँडार मृत, एक वटा कमन कोब्रा र एक वटा किङ कोब्रा घाइते अवस्थामा उद्धार गरिएको हो । यसैगरी आर्थिक वर्ष २०७९/८० मा विभिन्न चार प्रजातिका १२ वटा वन्यजन्तुको उद्धार गरेको छ । जसमा चार वटा रतुवा घाइते, एक घाइते र एक मृत अवस्थामा नीर बिरालो, दुई वटा मृत र तीन वटा घाइते चितुवा र एक वटा घाइते गिद्धको उद्धार गरिएको हो ।

घाइते उद्धार गरिएकामध्ये उपचारको क्रममा एक वटा रतुवा र एक वटा चितुवाको मृत्यु भएको छ । उद्धार गरिएका घाइते वन्यजन्तु मध्य औषधी उपचारपश्चात् पूर्णरुपमा निको भएका बन्यजन्तुलाई गुल्मी जिल्लामा रहेका राष्ट्रिय वनमा छाडिएको छ भने मृत अवस्था फेला परेका वन्यजन्तु र उपचारको क्रममा मृत्यु भएका वन्यजन्तुलाई कार्यालय परिसरको कम्पाउण्डमा गाडिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

# तानसेन गुठीद्वारा...

...उक्त रकम कार्यक्रमका प्रमुख अतिथि तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, तानसेन गुठी काठमाडौंका अध्यक्ष प्रमी श्रेष्ठ, गुठी तानसेन शाखाका अध्यक्ष सुशिल प्रधान र सम्बन्धित अक्षय कोषदाताहरुले उक्त रकम सम्बन्धित विद्यार्थी, व्यक्ति र सघसंस्थाहरुलाई हस्तान्तरण गरेका थिए । रकम हस्तान्तरण गर्दै प्रमुख अतिथि तथा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेनको शिक्षा, स्वास्थ्य, सामाजिक, धार्मिक, साँस्कृतिक क्षेत्रको विकासमा गुठीले गर्दै आएको सहयोग प्रशंसनिय रहेको बताए । उनले आगामी दिनमा ग्रामीण क्षेत्रका विद्यार्थी, संघ सस्थाहरुलाई समेत सहयोग गर्न आग्रह गरे ।

पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले शिक्षा, स्वास्थ्य, साँस्कृतिक सम्पदाहरुको संरक्षणमा गुठीले देखाएको सहयोग र सद्भाव अनुकरणीय रहेको बताए । शिक्षा, स्वास्थ्य र सांस्कृतिकप्रति सबैले चिन्तन, मनन् गर्न उनले सबै व्यक्तिहरुलाई आग्रह गरे । तानसेन गुठी काठमाडौंका अध्यक्ष प्रमी श्रेष्ठले आगामी दिनमा गुठीको अक्षयकोष वृद्धि गर्दै जाने बताइन् । कार्यक्रममा तानसेन गुठी बुटवलका अध्यक्ष केदार प्रसाद श्रेष्ठ, नेपाल नेत्र न्योति संघ पाल्पाका सभापति बुद्धिप्रसाद शर्मा, गुठीका सल्लाहकार केदारलाल श्रेष्ठ, अक्षयकोषदाता शसी गंगोल, पाल्पाली नाट्यकला सांस्कृतिक समूहका अध्यक्ष किरण चित्रकार लगायतले गुठीले हरेक वर्ष गर्दै कार्यको खुलेर प्रशंसा गरे ।

यस बिचमा पाल्पाली नाट्यकला सांस्कृतिक समूहका अध्यक्ष चित्रकारले हराउँदै जान थालेको पाल्पाको लाखे नाँच संरक्षणमा आफुहरु क्रियाशिल हुँदै आए पनि केही व्यक्तिहरुले आफुहरुको अभियानलाई मागी खाने भाडो बनाएको भन्दै आलोचना गर्ने गरेकोप्रति चिन्ता व्यक्त गरे । उनले भने'परम्परागत लाखे नाँच आर्थिक स्रोतको अभावमा हराउँदै गएको छ, यसको संरक्षणमा कसैको पनि चासो छैन्, हामी २०६४ सालदेखि निरन्तर लाखे नाँच देखाउँदै आएका छौं, तर सहयोग गर्नुपर्नेमा उल्टै निरुत्साहित गराउने काम भएको छ । यो गलत हो ।' चित्रकारले स्थानीय सरकारले सहयोग गरेमा आफुहरुले कसैसँग सहयोग नमागी तानसेनमा नियमित रुपमा नाँच देखाउने समेत बताए ।

गुठी तानसेनका अध्यक्ष सुशिल प्रधानको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष सकुन्तला बज्राचार्यको स्वागत, सचिव विनयराज बज्राचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### भारतलाई हराउँदै बङ्गलादेश फाइनलमा



**काठमाडौं,** भदौं १०/साविक विजेता भारतलाई पेनाल्टी शुटआउटमा हराउँदै बङ्गलादेश २० वर्षमुनिको साफ च्याम्पियनशिप फुटबलको फाइनलमा पुगेको छ ।

ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्स मैदानमा आज भएको दोस्रा सेमिफाइनलमा बङ्गलादेशले भारतलाई ४-३ ले हरायो । निर्धारित ९० मिनेटको समयमा १-१ गोलको बराबरी भएपछि खेल पेनाल्टी शुटआउटमा पुगेको हो । अब बङ्गलादेशले उपाधिका लागि पर्सि बुधवार नेपालसँग खेल्नेछ । आइतबार भएको पहिलो सेमिफाइनलमा भुटानलाई हराउँदै नेपाल फाइनलमा पुगेको थियो । फाइनल खेल काठमाडौको त्रिपुरेश्वरमा रहेको दशरथ रङ्गशालामा हुनेछ । गएको संस्करणमा भारतले बङ्गलादेशलाई हराउँदै उपाधि जितेको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सहकारीपीडितको बचत फिर्ता गर्न माग




**काठमाडौं,** भदौ १०/सहकारीपीडितको बचत छिटो फिर्ता गर्न सरकारले पहल गर्नुपर्ने अभियानकर्मीले बताएका छन् । सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान (महासंघ)ले काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा बचतकर्ताले जम्मा गरेको पैसा फिर्ता नहुँदा उपचार गर्न कठिनाइ भएकाले यथासीघ्र बचत पाउनुपर्नेमा जोड दिएको हो ।

महासंघले तेस्रो चरणको आन्दोलन सुरु गरेको ९५ औं दिनसम्म पनि सरकारले विगतका सहमति कार्यान्वयनमा कुनै चासो नदेखाएकाले सडकमा शान्तिपूर्ण प्रदर्शन गर्न बाध्य भएको जानकारी गराइएको थियो । महासंघका अध्यक्ष कुशलव केसीले १६ महिनादेखिको आन्दोलनका क्रममा चार जना पीडितहरूले ज्यान गुमाइसकेको बताए ।

सहकारी पीडितले आृनो बचत फिर्ता पाऊन् भनी तेस्रोपटकको आन्दोलन सुरू गरेको १०१ औं दिन पुग्ने अवसरमा भदौ १६ गतेदेखि शान्तिपूर्ण प्रदर्शन गरिने पनि उनले जानकारी दिए । *-रासस*


**वर्षा सुनचाँदी पसलका सेवाहरु**

हामीकहाँ आधुनिक डिजाइनका गर-गहना सुपथ मूल्यमा बनाउनुका साथै रेडिमेट गहनाका खरीद बिक्री र पुरानो गहना साट्न पाईन्छ ।

**असनटोलबाट सेवा दिर्दै आएका हामीले शितलपाटीको शाखाबाट समेत सेवा दिदै आएका छौं**

**प्रो. विरेन्द्र/ SONS**

सम्पर्क : ९८६७०१६७१८, ९८६७७३०५१८, ९८४२८६६०७८

शितलपाटी, पाल्पा

**कुमार इलेक्ट्रोनिक्सका सेवाहरु**

हामीकाँहा हरेक प्रकारको टि.भी., डि.भि.डि., मोनिटर,म्यूजिक सिस्टम L.E.D., L.C.D., T.V.का लाईट,रिमोटहरु सुपथ मूल्यमा बिक्री गर्नुका साथै मर्मत पनि गरिन्छ ।

**प्रो. आकाश श्रेष्ठ**

सम्पर्क : ९८४७१०३९९४, ९८६१६७८६५२

तानसेन-३, भगवतीटोल, पाल्पा

**सिटहरु रिक्त रहेको सूचना**

प्रकाशित मिति : २०८१/०५/१०

यस तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पामा सिएमएलटि संकायमा २७ सिटहरु रिक्त रहेकाले वैकल्पिक तथा ईच्छुक अन्य विद्यार्थीहरुले सूचना प्रकाशित मितिले ५ दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध छ । विद्यार्थी भर्ना वरियताक्रम अनुसार गरिने छ ।

*विस्तृत जानकारीका लागि*

**प्रशासन शाखा**

**०७५-५२०१६६**

**तानसेन स्कूल अफ हेल्थ साईन्स**

**तानसेन, पाल्पा**

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१८६८, ५२१८६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई